# थारु महिला उत्थान केन्द्र
## THARU WOMEN UPLIFTMENT CENTER
गुलरिया-७, बर्दिया

*Gulariya-7, Bardiya*

(2049)

## युवा लक्षित कार्यक्रमका लागि आवेदन माग सम्बन्धी सुचना !!

**प्रथम पटक प्रकाशित मिति : २०८१/०१/३१**

बारबर्दिया नगरपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग र थारु महिला उत्थान केन्द्र बर्दियाको सहजीकरणमा संचालित **"कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना"** को मुख्य लक्ष्य लक्षित परिवारहरुको वार्षिक आम्दानीमा वृद्धि गरी जीविकोपार्जन सुधार गर्नु रहेको छ । यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध लाभग्राहीहरूलाई स्वावलम्वी महिला समूहहरू, युवा समुहहरू तथा सहकारीमा आवद्ध गरी सामाजिक पूँजीको अभिवृद्धि गर्नु, सुधारिएको बाखा, बंगुर तथा, खाद्यान्न बाली (धान र गहुँ)को बीऊ उत्पादन र अन्य सम्भावित क्षेत्रहरूमा उन्नत प्रविधिहरूको अनुसरणबाट उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्नु र विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेकोछ ।
यसै अर्न्तगत सन्चालन गरिने युवा लक्षित कार्यकमका लागि कृषि तथा पशुपंक्षीसंग सम्वन्धित व्यवसाय गरिरहेका वा गर्ने योजना बनाएका बारबर्दिया नगरपालिकाका युवाहरूबाट प्रथम पटक प्रकाशित सुचनाको मितिले १५ दिन भित्र आवेदनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**आवेदन पेश गर्नका लागि पूरा गर्नुपर्ने न्युनतम मापदण्डहरू:**

- कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजनामा रहेका १८-४५ वर्ष उमेर समुहका युवाहरू (महिला, पुरुष वा अन्य)
- बारबर्दिया नगरपालिका भित्र स्थाई बसोबास भएका नेपाली नागरिक,
- मुख्य पेशाको रुपमा कृषि र पशुपंक्षीपालन सम्बन्धी व्यवसाय गरि राखेका वा सो सम्वन्धी व्यवसाय गर्न योजना बनाएका,
- समुहमा आवद्ध भई काम गर्न इच्छुक भएका,
- नवीनतम् कृषि वस्तु उत्पादन सम्बन्धी व्यवसाय, बैदेशिक रोजगारीबाट फर्केर कृषि तथा पशुपंक्षीसंग सम्वन्धित व्यवसाय गरिरहेकालाई विशेष प्राथमिकता दिइने छ ।
- उल्लेखित विवरण पूरा गरेका युवा व्यवसायीहरूलाई आवेदन पेश गर्न अनुरोध गरिन्छ ।
- आवेदन दिएका मध्ये उपयुक्त र न्यूनतम मापदण्ड पूरा गरेकालाई प्रारम्भिक छलफलका लागि सम्पर्क गरिनेछ ।

**आवेदन पेश गर्ने अन्तिम मिति:** २०८१ जेष्ठ १४ गते भित्र

**आवेदन पेश गर्ने स्थान : थारु महिला उत्थान केन्द्रको** कार्यालय, बारबर्दिया नगरपालिका-६, जयनगर बर्दिया

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू**

१ निवेदन
२ आवेदन फारम
३ नागरिकताको प्रतिलिपी
४ फोटो
५ सम्वन्धित वडा कार्यालयको सिफारिस

नोट : मापदण्ड पुरा भई छनौटमा परेका उम्मेदवारलाई मात्र कार्यक्रममा समावेश गरिनेछ ।

**(परियोजना संयोजक)**
**थारु कहिला उत्थान केन्द्रको साखा कार्यालय**
बारबर्दिया नगरपालिका -६, जयनगर ,बर्दिया
ईमेल : meal.twucbardiya049@gmail.com
सर्म्पक नं.९८५८०२०२०५



Scanned with CamScanner

# थारु महिला उत्थान केन्द्र
## THARU WOMEN UPLIFTMENT CENTER
गुलरिया-७, बर्दिया
*Gulariya-7, Bardiya*
(2049)

मिति : २०८१।०१।३१

यस नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार हेफर प्रोजेक्ट नेपालको साझेदारी तथा थारु महिला उत्थान केन्द्र बर्दियाको सहजीकरणमा संचालित ***"बारबर्दिया कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता साझेदारी परियोजना"*** अर्न्तगत परियोजना क्षेत्र तथा आसपासका कृषकहरुलाई दिगो रुपमा कृषि, पशुपालन तथा पशु स्वास्थ्य संग सम्वन्धित विभिन्न सेवा प्रवाहको सुनिश्चितताका लागी सघन रुपमा परिचालन गर्न सामुदायिक कृषि भटेरिनरी उद्यमी (Community Agriculture and Veterinary Entrepreneur) आवश्यक भएकोले ईच्छिुक व्यक्तिहरुले रितपुर्वक खरखास्त पेश गर्न सुचित गरिनछ।

पशु सम्वन्धि नमुना व्यवसाय गर्नुका साथै प्राविधिक सेवा पनि प्रवाह गर्नु पर्नेछ।

***आवश्यक न्यूनतम योग्यता तथा मापदण्डहरु :***

- नेपाली नागरिक हुनु पर्ने छ।
- कम्तिमा एस.एल.सी.वा एसईई पास गरेको।
- सम्वन्धित सामुदाय/वडामा/बसोवास भएको।
- कम्तिमा २० वर्ष पुरा भई ४५ वर्ष ननाघेको महिला वा पुरुष (अविवहित महिलाको हकमा ३५ वर्ष नाघेको हुनु पर्ने)
- शारीरिक रुपमा सक्षम हुनु पर्ने।
- आफैले व्यवसायिक रुपमा कृषि तथा पशुपालन उद्यम गरिरहेको व गर्ने योजना भएको।
- कृषि तथा पशुपालन तथा पशु स्वास्थ्य सेवा प्रवाह गर्न ईच्छुक।
- आफु एक नमुना कृषकको रुपमा स्थापित भई छिमेकीका अन्य कृषकलाई ज्ञान तथा सीप प्रवाह गर्न ईच्छुक।
- पशुपंक्षीको उपचार तथा स्याहार सुसारमा रुची भएको।
- यस अघि सोही प्रकृतिको कार्य गरेको अनुभवी उम्मेदवारलाई विशेष प्राथमिकता दिईनेछ।

***आवश्यक संख्या : २ (दुई) जना***

**दरखास्त दिने विधि :**

आवेदकले तोकिए बमोजिम कागजात सहित नगरपालिकाको कार्यलय जयनगर बर्दियामा दरखास्त पेश गर्न सकिनेछ। नगरपालिकाले पुर्ण वा आंशिक कुनै पनि आवेदन विनाशर्त स्वीकृत गर्ने वा नगर्ने अधिकार आफुमा निहित गर्दछ। प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र छनौट प्रक्रियामा समावेश गरिने छ। समाजमा पछाडी पारिएका महिला, दलित, जनजाति एवं सिमान्तकृत वर्गलाई दरखास्त पेश गर्नका लागी विशेष प्रोत्साहित गरिन्छ।

***दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :***

- आवेदकको ब्यपक्तिगत विवरण (CV)
- नागरिकता, शैक्षिक योग्यता, अनुभव, तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि।
- हालसालै खिंचेको पासपोर्ट साईजको फोटो ३ प्रति।

दरखास्त दिने अन्तिम मिति र स्थान : थारु महिला उत्थान केन्द्रको शाखा कार्यालय जयनगर बर्दिया वा केन्द्रिय कार्यालय गुलरिया बर्दियामा ७ दिन भित्र वा मिति २०८०।०२।०६ गते कार्यालय समय साँझ ५ बजे दिन सकिने वा hr.twucbardiya049@gmail.com मा पठाउना सकिने छ । यदि सो दिन सार्वजानिक विदा परेमा त्यस लगत्तै कार्यलय खुल्ने दिनको साँझ ५ बजे सम्म।

***नोट : रित नपुगेका वा म्याद नाघी आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।***

***थप जाकारीको लागी थारु महिला उत्थान केन्द्र केन्द्रिय कार्यलय गुलरिया बर्दियाको फोन नं. ०८४४२०३५० वा ९८५८०२०२०५ मा सम्पर्ग गर्न सकिने छ।***

Address : Gulariya Municipality Ward No.-7, Gulariya, Bardiya
E-Mail ID : twuc.bardiya2049@gmail.com
Phone No. : +977 084-420350/420347

Scanned with CamScanner

Registration No. 11/2049 S.W.C. Registration No. 5099 : 084420350

# थारु महिला उत्थान केन्द्र
THARU WOMEN UPLIFTMENT CENTER
गुलरिया-७, बर्दिया
*Gulariya, Bardiya*
(2049)

च.नं.२४३ मिति :- २०८१/०१/३१
पत्र सं. २०८०।८१

श्री वडा अध्यक्ष ज्यू
१, २, ३, ४, ५, ६, ७, ८, ९, १० र ११ वडाको कार्यालय
बारबर्दिय नगरपालिका बर्दिया

***बिषय :- सुचना टाँस गरि सहयोग गरि दिने सम्बन्धमा ।***

प्रस्तुत विषका सम्बन्धमा बारबर्दिया नगरपालिका, हेफर प्रोजेक्ट नेपाल र थारु महिला उत्थान केन्द्रको संयूक्त साझेदारी बारबर्दिया नगरपालिकामा संचालित ***"बारबर्दिया कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता साझेदारी परियोजना"*** संचालन भैरहेको व्यहोरा अवगत नै छ । यसै सन्दर्भमा यस परियोजना अर्न्तगत दुई जना सामुदायिक कृषि भटेरिनरी उद्यमी (Community Agriculture and Veterinary Entrepreneur) र ११ वटै वडाहरुमा यूवा समुह गठन गर्नका लागी सुचना प्रकाशन भएकोले त्यस कार्यालयको सुचना पाटीमा टाँस गरि सहयोग गरि दिन हुन हार्दिक अनुरोध छ ।
निरन्तर सल्लाह सुझाव तथा सहयोगको लागी धन्यवाद ।

..........................
किशोर कुमार थारु
**(परियोजना संयोजक)**

**Address : Gulariya Municipality Ward No.-7, Gulariya, Bardiya**
**E-Mail ID : twuc.bardiya2049@gmail.com**
**Phone No. : +977 084-420350/420347**

Scanned with CamScanner